# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ११ २०८० असार १३ बुधवार



सम्पादकीय

## दूरदर्शी नीति, सन्तुलित बजेट

यो साता भूमे गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र वार्षिक बजेट गाउँसभामा प्रस्तुत गरेको छ। **'सफा र हरियालीः समृद्ध भूमे'** मूल उद्देश्य लिएर ल्याइएको गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट देशको आर्थिक मन्दीका बीच आशा र सम्भावना देखिने गरी आएको छ। सिंगो देश नै आर्थिक मन्दीबाट थला परेको बेला सबैतिर बजेटको आकार घटिरहेको छ। तर, भूमे गाउँपालिकाले विगतका वर्षहरुको जत्तिकै आकारमा बजेट ल्याएर आर्थिक मन्दीको असरलाई चिर्न प्रयास गरेको देखिन्छ।

नीतिगत रुपमा कृषि र पशुपालनलाई प्रविधिसँग जोडेर व्यावसायिक बनाउने, पालिकाभित्रका मौलिक संस्कृति, सम्पदा, प्राकृतिक स्थलहरुलाई पर्यटनसँग जोडेर स्थानीयबासीको आयस्रोतको रुपमा विकास गर्ने, अर्गानिक कृषि उत्पादनको हबका रुपमा विकास गर्ने जस्ता थुप्रै कामहरुलाई स्थानीय सरकारले नीतिगत रुपमै व्यवस्था गरेको हुँदा यहाँका कृषक प्रत्यक्ष लाभान्वित हुने देखिन्छ।

नीति तथा कार्यक्रम र बजेटको मूल लक्ष्य गाउँपालिकालाई अर्गानिक, स्वच्छ-सफा र हरियाली बनाउनेमा केन्द्रित रहेको छ। अहिले स्थानीय सरकारका साथै संस्थाको माध्यामबाट खानेपानी, सरसफाइ, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य इकाइहरुको स्तरोन्नति, कृषि, उन्नत पशुपालनतर्फ जोड दिइएको छ। अतः नीति, कार्यक्रम र बजेटले तत्काल कायापलट नै गर्न नसके पनि दीर्घकालीन रुपमा समृद्ध भूमे निर्माणको जग बसाउनेमा शंका छैन।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

## भूमे गाउँपालिका गाउँ सभाको १३औं अधिवेशन

# भूमे गाउँपालिकाको बजेट ५० करोड ३५ लाख



❖ **बालाराम शेर्पाली**

आर्थिक वर्ष २०८०/८१ को लागि रुकुम (पूर्व)को भूमे गाउँपालिकाले ५० करोड ३५ लाख १५ हजार ७ सय पैंतीस रुपैयाँ विनियोजन गरेको छ। गत आइतबार (असार १० गते) को गाउँ सभामा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं गाउँपालिका उपाध्यक्ष सविना बुढाले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभएको हो।

उपाध्यक्ष बुढाद्वारा प्रस्तुत कुल विनियोजनमध्ये चालुतर्फ ३२ करोड ९२ लाख ८५ हजार पाँच सय पैंतीस रुपैयाँ अर्थात् ६५.३९ प्रतिशतर पूँजीगततर्फ १७ करोड ४२ लाख ३० हजार दुई सय अर्थात ३४.६० प्रतिशत र वित्तीय व्यवस्थातर्फ एक करोड रुपैयाँ अर्थात् १.९८ प्रतिशत रहेको छ।

उपाध्यक्ष बुढाले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटका लागि खर्च व्यहोर्ने स्रोतहरु पनि उल्लेख गरिएको छ। जसमा आन्तरिक राजश्वबाट ७५ लाख ३८ हजार २६ रुपैयाँ, राजस्व बाँडफाँडबाट ९ करोड ६३ लाख ६ हजार सात सय नौ रुपैयाँ तथा गत वर्षको अनुमानित मौज्दात दुई करोड पचास लाख गरी आन्तरिक आयबाट

१२ करोड ८८ लाख ४४ हजार सात सय पैंतीस रुपैयाँ अर्थात् २५.५८ प्रतिशत रहेको छ।

त्यस्तै वित्तीय समानीकरण अनुदानबाट ११ करोड ४१ लाख २१ हजार रुपैयाँ अर्थात् २२ दशमलव ६६ प्रतिशत, सःशर्त अनुदानबाट २२ करोड १० लाख ५० हजार रुपैयाँ अर्थात् ४३.९० प्रतिशत, समपुरक अनुदानबाट २ करोड रुपैयाँ अर्थात् ३.९७ प्रतिशत र विशेष अनुदानबाट ९५ लाख रुपैयाँ अर्थात् १.८८ प्रतिशत स्रोत व्यहोरिने उल्लेख गरिएको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड तथा आन्तरिक आय परिचालन गर्दा पनि नपुग हुने रकम एक करोड रुपैयाँ आन्तरिक ऋणबाट व्यहोरिने बताइएको छ।

गाउँसभाको आन्तरिक राजस्व तथा प्रदेश र सङ्घीय सरकारको वित्तीय समानीकरण, ससर्त अनुदान, राजस्व बाँडफाँट, समपूरक, विशेष अनुदान र गैरसरकारीबाट प्राप्त भएको रुपियाँ पनि बजेटमा समेटिएको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो।

**सफा र हरियाली समृद्ध भूमे** निर्माण गरी नागरिकको जीवनस्तरमा गुणस्तरीयता ल्याउने मूल उद्देश्यसहित विनियोजन गरिएको उपाध्यक्ष बुढाले बताउनु भयो। गाउँपालिकाको गौरवका आयोजनाको रुपमा केही योजनाहरु विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको बुढाको भनाई छ।

गाउँपालिकाका सबै वडा तथा वस्तीहरुलाई सडक सञ्जालमा जोड्न **चक्र सडक**, **सहायक सडक** र **ग्रामीण कृषि सडक**मा विभाजन गरी मुख्य टोलवस्तीहरुमा सडक पहुँच र निर्मित सडकको स्तरोन्नति तथा मर्मत सम्भार गर्न आगामी आर्थिक वर्षमा विशेष जोड दिइने बजेट भाषणमा उल्लेख गरिएको छ।

त्यसैगरी गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि ३० लाख, १ नं र ७ नं. वडा कार्यालयको भवन निर्माणका लागि दुई करोड बजेट विनियोजन गरिएको छ। मारिङ कृषि अनुसन्धान केन्द्रलाई नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा कृषि अनुसन्धानका लागि प्रयोगशाला स्थापना र सामूहिक खेती प्रणालीको नमूनाको रुपमा विकास गर्न ५९ लाख ८० हजार रुपैयाँ, वडा नं. ३ सिसाघारीमा कोल्ड स्टोर निर्माणका लागि समपूरक अनुदानबाट कार्यान्वयन हुने गरी २ करोड बजेट छुट्याइएको छ।

त्यस्तै, वैकल्पिक ऊर्जा सौर्य प्लान्ट परियोजना सम्भाव्यता अध्ययन र थबाङखोला जलविद्युत आयोजनालाई सार्वजनिक निजी साझेदारी अवधारणामार्फत कार्यान्वयन गर्न एक करोड, पालिकास्तरीय बृहत रङ्गशाला महतको पूर्वाधार निर्माणका लागि नेपाल सरकारसँगको साझेदारीमा कार्यान्वयन गर्ने गरी २५ लाख, महत युद्ध स्मारिका पार्क तथा पूर्वाधार निर्माण, बराह दह संरक्षण तथा पूर्वाधार निर्माण, गुरिल्ला पद मार्ग निर्माण, गोन्टे झरना पदमार्ग निर्माण लगायतका लागि ६५ लाख छुट्याइएको छ। त्यस्तै शिक्षा, स्वास्थ्य, कृषि, सञ्चार, सीप विकास लगायतका शीर्षकमा पनि बजेट विनियोजन गरिएको छ।

# भूमे गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत



❖ **बालाराम शेर्पाली**

भूमे गाउँपालिकाको १३ औं गाउँसभा अधिवेशनमा अध्यक्ष होमप्रकाश श्रेष्ठले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ। गत बिहीबार (असार ७ गते) को गाउँसभा अधिवेशनमा अध्यक्ष श्रेष्ठले स्थानीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो।

नीति तथा कार्यक्रममा गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिइएको अध्यक्ष श्रेष्ठले बताउनु भयो।

स्थानीय उत्पादनमा वृद्धि, बजारीकरणको क्रमिक विकासले रोजगारी र आर्थिक विकासमा टेवा पुऱ्याएको उल्लेख गर्दै **विकासका लागि नागरिक** भन्ने नाराका साथ विकासका गतिविधिमा समन्यायिक वितरण र सबै नागरिकको सहभागिता, प्रतिव्यक्ति आयमा वृद्धि, शैक्षिक गुणस्तर र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी मानव विकासको पक्षमा जोड दिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

गाउँपालिकाभित्र रहेका ९ वटै वडा कार्यालय, विषयगत शाखा, इकाई तथा कार्यालयबाट प्रशासनिक सेवा छिटो, छरितो र प्रभावकारी ढङ्गले प्रवाह हुने व्यवस्था गर्ने, सेवा प्रवाहका लागि दरबन्दी बमोजिम पदपूर्ति नभए पनि उपलब्ध जनशक्तिलाई दक्ष, सीपयुक्त र पूर्ण सरसफाइउन्मुख गाउँपालिका अभियान, वातावरणमैत्री गाउँपालिका अभियान, हरेक टोल पृथक उत्पादन विशेषता र पहिचान अभियान, घरभित्रको धुँवारहित गाउँपालिका अभियान, पोषणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, लैंगिक तथा जातीय विभेदमुक्त गाउँपालिका अभियान, सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान, पूर्ण खोपयुक्त गाउँपालिका, गुणस्तरीय स्वास्थ्य सेवा, मानव पूँजी निर्माण, अर्गानिक उत्पादनः भूमेको पहिचानजस्ता अभियानमुखी कार्यक्रमबाट गाउँपालिकालाई नमूना र समृद्ध बनाउने नीति लिइएको अध्यक्ष श्रेष्ठले बताउनु भयो।

मध्यपहाडी लोकमार्गले भूमे गाउँपालिकाको पूर्व-पश्चिम र सहिद मार्गले उत्तर दक्षिण भागमा सडक पहुँच सहज हुनु, सक्रिय जनसंख्याको हिस्सा ठूलो र अर्गानिक जिल्ला घोषणा भएको हुँदा तामा, फलाम, सिसा, मार्बल, स्लेट लगायतका खनिज र वनजस्ता प्राकृतिक स्रोतको उपयोगको प्रचुर सम्भावना भएकोले, भाषा संस्कृति र परम्परागत मौलिकता, सूचना तथा सञ्चार प्रविधिको व्यापकता, अधिकारसम्पन्न स्थानीय सरकारलाई बजेट तथा योजनाको अधिकार र भूमेलीहरुको एकता, उत्सुकता र योगदान पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावनालाई प्राथमिकता लिइएको कार्यक्रममा उल्लेख गरिएको छ।

उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीय स्तरमा रोजगारी सिर्जना गरी युवाहरुलाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्ने, बैंक तथा वित्तीय संस्थाको वृद्धि तथा वित्तीय साक्षरतामार्फत् औपचारिक अर्थतन्त्रको विकास गर्ने, सूचना तथा सञ्चार प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्ने नीति प्रस्तुत गरिएको छ।

कृषि कर्जा तथा योगदानमा आधारित वर्गीकृत किसान पेन्सन कार्यक्रम कार्यान्वयनमा पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताका लागि हरेक वडामा रैथाने बाली प्रवर्द्धन, एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालयमा नर्सरी करेसाबारी निर्माण, बाँझो र पाखो जग्गालाई उपयोग गर्ने र व्यावसायिक खेती तथा वृक्षारोपण कार्यक्रम ल्याउने जैविक विषादी, प्राङ्गारिक मल उत्पादन तथा वितरण गर्नुका साथै प्लाष्टिकजन्य रासायनिक पदार्थ आयात प्रयोगमा रोक लगाई अर्ग्यानिक उत्पादनः भूमेको पहिचान भन्ने मूल नारा कार्यान्वयनमा ल्याउन आवश्यक नीति तय गरिने बताइएको छ।

उत्पादनका आधारमा प्रोत्साहन नीतिलाई जोड दिँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न कोदो, फापर, सिमी, भटमास, माटे, चिनो, कागुनो, कालो धानजस्ता स्थानीय महत्वका लोपोन्मुख रैथाने बालीहरु उत्पादन गरी आफूले उपभोगपछि बिक्री गरेमा सहकारी तथा कृषि उपज संकलन केन्द्रमार्फत् खरिद गरी बजारसम्म पुर्याउन ५० प्रतिशत थप प्रोत्साहन अनुदान दिने व्यवस्थालाई निरन्तरता दिने नीति तथा कार्यक्रममा उल्लेख

गरिएको छ। भकारो सुधार, सुधारिएको चुल्हो, एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्षभित्रै पूर्ण सरसफाईउन्मुख गाउँपालिका घोषणा गर्ने अध्यक्ष श्रेष्ठले बताउनु भयो।

मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि सांस्कृतिक महोत्सव तथा प्रतियोगितात्मक कार्यक्रम, अध्ययन अनुसन्धान तथा अभिलेखिकरण कार्यलाई जोड दिइने कार्यक्रममा उल्लेख गरिएको छ। त्यसैगरी भाषा, कला संस्कृतिको जगेर्ना तथा संरक्षण सम्बन्धी तालिम, लोक बाजा तथा सामग्री खरिद, सांस्कृतिक पूर्वाधार निर्माणमा विकास गर्ने, जनसहभागिता, लागत साझेदारी र सामूहिक झारा प्रथाबाट स्थानीय विकास निर्माण कार्यमा उत्कृष्ट थालनी गर्ने गाउँ टोललाई प्रोत्साहन गरी उत्कृष्ट गाउँ/समुदायलाई पुरस्कृत गर्ने नीति लिइने अध्यक्ष श्रेष्ठले बताउनु भयो।

अध्यक्ष श्रेष्ठले पूर्वाधार विकासतर्फ भूमे गाउँपालिकाको गुरुयोजना र आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने गरी भौतिक तथा आर्थिक पूर्वाधार निर्माणमा साझेदारी सम्बन्धी नीति ल्याइने बताउनु भयो। त्यस्तै, विद्युतको पहुँच नपुगेका घरधुरीमा ऊर्जामा पहुँच सुनिश्चितता गर्न नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा केन्द्रीय प्रसारण लाइन विस्तार गर्ने, गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, ठूला सिंचाई आयोजनामार्फत् सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिने उल्लेख गरिएको छ।

# लम्पी स्किन रोगले २ सय बढी पशु चौपाया मरे

खाबाङबगर । पशुहरुमा भाइरलकै रुपमा देखिएको लम्पी स्किन रोगले रुकुम (पूर्व) प्रभावित भएको छ। चैतको दोस्रो सातादेखि देखा परेको लम्पी स्किन रोगले भूमे गाउँपालिकामा मात्रै २ सय बढी पशु चौपाया मरिसकेका छन्।

३ महिनाकै अवधिमा लम्पी स्किन रोगबाट हालसम्म १२ हजार पशुचौपाया संक्रमित भएको पशु अस्पताल तथा पशु सेवा कार्यालय भूमे गाउँपालिका प्रमुख नारायण ओलीले बताउनु भयो। उहाँका अनुसार संक्रमण फैलिएदेखि नै पशुहरुमा खोप लगाउने काम पनि जारी छ। अहिले गाउँपालिकाभित्र रहेका घरपालुवा पशु चौपायाहरुलाई खोप दिइसकिएको छ।

लम्पी स्किन रोगबाट सबैभन्दा बढी गाई र गोरु प्रभावित भएका छन्। लम्पी स्किन रोग बढ्दो क्रममा रहेको भए पनि पशु सेवा कार्यालयमा पर्याप्त औषधी नभएको पशु शाखा प्रमुख नारायण ओली बताउनु हुन्छ। 'हाम्रो कार्यालयमा औषधी नै छैन। रोग नियन्त्रण गर्न दिनरात नभनेर खटिरहेका छौं', पशु सेवा शाखा प्रमुख ओलीले भन्नुभयो, 'गाउँपालिकाले खरिद गरेको औषधी हप्ता दिनमै सकिन्छ। खरिद गर्ने ठाउँमा पनि औषधी सकिएको खबर आउँछ।'

भूमे लगायत रुकुम (पूर्व)मा अझैं पनि लम्पी स्किन रोग बढ्दो क्रममा रहेकाले प्रदेश र संघीय सरकारबाट नै पहल गरेर पशु चौपायालाई लम्पी स्किनबाट बचाउनु पर्ने ओलीले बताउनु भयो।

# पूरा भयो गोठबाङ, तिम्रबाङ खानेपानी आयोजना

❖ बालाराम शेर्पाली




गाउँमा खानेपानीको एउटा मात्रै धारा थियो। त्यहीँ एउटै धारामा घण्टौं लाइन लागेर गाउँलेहरु पानी भर्थे। पिउने पानी, नुहाउने, लत्ता कपडा धुनेदेखि पशु चौपायालाई खुवाउने पानीको समस्या निकै चर्को थियो। ३० वर्षअघि बनेको एउटा धाराको भरमा जिविका चलाएको यो भूमे गाउँपालिका वडा नं. ३ गोठबाङ र तिम्रबाङको कथा हो।

तर अहिले यहाँका बासिन्दाको मुहारमा खुसी छाएको छ। गाउँमा धारा बनेको ३० वर्षपछि **'एक घर, एक धारा'** योजना लागू भएको छ। सबैका घर घरमा धारा जडान गरिएको छ। घर घरमै पानीको धारा पाएपछि गोठबाङ र तिम्रबाङका बासिन्दा निकै खुसी भएका छन्।

गोर्खा वेलफेयर ट्रष्टले **एक घर, एक धारा**को अवधारणा अनुसार गोठबाङ र तिम्रबाङ खानेपानी आयोजनाको काम सम्पन्न गरेपछि यहाँ खानेपानीको समस्या समाधान भएको छ। गोठबाङ र तिम्रबाङमा गाउँमा पहिलोपल्ट २०५० सालमा पानीको धारा बनेको पुगेको थियो', ८४ वर्षीय गोरे गुरुङले भन्नुभयो, 'अहिलेसम्म त्यसैबाट पानीको गुजारा चलाइरहेका थियौं। अब एक घर एक धारा बनेपछि पानीको समस्या समाधान भएको छ।' पानीका लागि विगतमा निकै दुःख झेलेको भन्दै उहाँले अब दुःखका दिन सकिएको बताउनु भयो। 'पानीका लागि हामीलाई कति धेरै दुःख थियो। मान्छेलाई पिउने पानी, लत्ता कपडा धुने, गाईवस्तुलाई खुवाउने पानी पाइदैनथ्यो' उहाँले भन्नुभयो, 'अहिले घर घरमै धारा बने। दुःखका दिन सकिए।'

गोठबाङ र तिम्रबाङ खानेपानी आयोजनाका लागि स्थानीयको जनश्रमदान ८ लाख ९१ हजार ८ सय र गोर्खा वेलफेयर ट्रष्ट नेपालको २२ लाख गरी ३० लाख ६५ हजार ८ सय ८० रुपैयाँ लगानी भएको छ। आयोजनामार्फत् २६ घरधुरीमा एक घर, एक धारा जडान गरिएको गोर्खा वेलफेयर ट्रष्ट नेपालका मेनेजर टेकबहादुर थापाले जानकारी दिनुभयो।

भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले स्थानीय सरकारको सपनालाई सघाउँदै हातेमालो गरेकोमा गोर्खा वेलफेयर ट्रष्टको कामको प्रशंसा गर्नुभयो। ट्रष्टको कार्यक्रममा भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढा, वडा अध्यक्ष पर्शुराम बुढा, जनप्रतिनिधिहरु एवं स्थानीयबासीको उपस्थिति रहेको थियो।




# बालबालिकालाई कुपोषणबाट बचाउन स्थानीय सरकार सचेत हुनुपर्छ

**रोहित लुम्बाङ्फे**
**सामाजिक विभाग प्रमुख**
**गोर्खा वेलफेयर ट्रष्ट, नेपाल**

**तपाईंको ट्रष्टले भूमे गाउँपालिकामा पोषणको अवस्थाका बारेमा सर्वे गर्नुभएको रहेछ, यहाँ सर्वे गर्नुको कारण के हो?**

बालबालिकाको शुरूवाती वर्षहरुमा पोषणमा गरिने लगानीले उनीहरू, उनीहरूका परिवार र समग्र समुदायलाई नै दीर्घकालीन प्रतिफल दिन्छ। बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त र दरिलो जग भनेको पोषण नै हो। भूमे गाउँपालिकामा बालबालिकाको पोषणको अवस्था कस्तो छ? पौष्टिक आहारको सेवन, प्रयोग र बालबालिकाहरु कतै कुपोषणको शिकार भइरहेका त छैनन् भनेर हामीले यहाँ सर्वे गरेका हौं। राम्रो पोषण पाएका बालबालिकाहरू राम्ररी सिक्न र हुर्कन सक्छन्। उनीहरुसँग रोगसँग लड्न सक्ने क्षमता वृद्धि भएको हुन्छ। त्यसैले पोषणको कमी भएका बालबालिका भएमा उनीहरुलाई पोषणको बारेमा अवगत गराउन गोर्खा वेलफेयर ट्रष्ट, नेपालले भूमे गाउँपालिकामा पोषण सर्वे गरिएको हो।

**भूमे गाउँपालिकामा पोषणको अवस्था कस्तो पाउनु भयो नि?**

भूमे गाउँपालिकामा हामीले सर्वे गर्यौंर। त्यसको नतिजा निकै नाजुक देखिन्छ। बालबालिकाहरुलाई हरेक बार खाना चार भन्ने भनाई नै छ। तर, यहाँका बालबालिकाहरुलाई त्यसरी पोषणयुक्त खानेकुरा खुवाएको देखिएन। शरीरलाई आवश्यक पर्ने पोषक तत्व आहारबीचको सन्तुलनलाई नरम खाना, झोलिलो, हरियो सागसब्जी, अन्डा, गेडागुडी, फलफूल, दूध, दही सबै प्रकारका खानेकुरा मिलाएर खुवाएमा बच्चा जाँगरिलो, फूर्तिलो हुने हो। तर त्यसरी खानेकुरा खुवाइएको छैन। भूमेमा पोषणको अवस्था नाजुक छ। त्यसको विस्तृत रिपोर्ट स्वास्थ्य चौकीहरुमा पाइन्छ।

पोषणले मानिसलाई स्वस्थ रहन एवं रोग प्रतिरोधात्मक क्षमता कायम तथा विकास गर्न मद्धत गर्दछ। हरेक उमेर समुहका स्वस्थ तथा रोगी दुवै मानिसहरुमा राम्रो पोषण जीवनभर आवश्यक पर्दछ। गर्भवती महिला, स्तनपान गराइरहेकी आमा, शिशु, बालबालिकालाई विशेष किसिमको पोषण र हेरचाहको जरुरत पर्दछ। बालबालिकालाई 'हरेक बार, खाना चार÷ मिलाएर खुवाएमा पोषणको अवस्था राम्रो हुने हो। यहाँ त्यसो गरेको देखिदैन।

**तपाईंहरुले सर्वेक्षणले यहाँको अवस्थाबारे जानकारी भयो। अब पोषणको सुधारका लागि के गर्न सकिएला?**

हामीले गत असार ९ देखि १२ गतेसम्म भूमे गाउँपालिकामा रहेका ४६ जना महिला स्वयसेविकाबाट बच्चाको उचाई र तौल लिन थालेका छौं। सर्वेपछि हाम्रो आशा भनेको बालबालिकाको न्युन पोषणको अवस्था रोकथाम गर्न र कुपोषणबाट जोगाउन सबैलाई सचेतना फैलाउन सहज हुनेछ। बालबालिकाहरुलाई कुपोषणबाट जोगाउन गर्भावस्थादेखि शिशु जन्मिदाको दिनसम्म शुरुवाती कुपोषण हटाउने, ६ महिनाभन्दा कम उमेरका शिशुहरूलाई आवश्यक खाना उपलब्ध गराउने, अन्य समस्याहरुको समाधानका लागि महिला तथा बालबालिकालाई पोषणका खानाहरु उपलब्ध गराउँछौं। हामीले यो कार्यक्रमहरूलाई संवेदनशील जीवनको शुरुवाती वर्षहरूमा पोषणको लागि गरिने लगानीले बालबालिकालाई, तिनका परिवार र समुदायलाई जीवनपर्यन्त प्रतिफल दिने अपेक्षा लिएका छौं।

**कुपोषणमुक्त पालिका बनाउन स्थानीय सरकार लगायत अन्य संघसंस्थाहरुले के कस्तो पहल गर्नुपर्ला?**

कुपोषणमुक्त भूमे गाउँपालिका बनाउन सबैभन्दा पहिले हरेक बार खाना चारमा ध्यान दिन जरुरी छ। जब हरेक बार खाना चार मिलेमा कुपोषणमा कमी आउँछ। बजारिया जङ फूड, प्याकेटमा आएका खाना बन्द गर्नु पर्दछ। अर्गानिक र ताजा तरकारीका लागि एक घर, एक करेसाबारी निर्माण गर्न सके केही मात्रामा कुपोषणमा कमी आउँछ। कुपोषण हटाउनको लागि स्थानीय सरकारले कुपोषणबारे बुझेर बालबालिकाहरुको सुन्दर भविष्यप्रति चिन्तित हुने हो भने सिंगो गाउँपालिका कुपोषणमुक्त बनाउन सकिन्छ।

**खानेपानी र पोषणको सम्बन्ध कस्तो छ?**

बालबालिकाको जीवन रक्षा र विकासका लागि सफा खानेपानी र शौचालयको सरसफाइ महत्वपूर्ण हुन्छ। खानेपानी सफा नहुँदा बालबालिकाहरुलाई विभिन्न रोगहरु लाग्न सक्छन्। उनीहरुको जीवन जोखिममा हुन्छ। पाँच वर्षमुनिका बालबालिकाहरूको मृत्युको मुख्य कारण फोहर खानेपानीको प्रयोग पनि हो। हाम्रोजस्तो दुर्गम क्षेत्रमा खानेपानीको गुणस्तर र वितरण प्रणाली नै कमजोर छ। खानेपानीको मुहान र धाराहरु सफा भएमा हामी सबैले स्वच्छ खानेपानी पिउन सक्छौं। सफा र स्वच्छ खानेपानी पिउन सके हामी आफै स्वस्थ हुन्छौं। स्वस्थ मानिस कुपोषणको शिकार हुँदैन। अतः सफा खानेपानी र पोषणको सम्बन्ध नङ र मासुको जस्तै हुन्छ।

*प्रस्तुतिः बालाराम शेर्पाली*

## आ.व. २०८०/८१ को लागि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा कृषि, सहकारी, पर्यटन र श्रम रोजगार क्षेत्रबारे के छ ?

# कृषि प्रविधि र प्रणालीमा सुधारः समृद्धिको आधार

१. खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमा जोड दिइनेछ।

२. कृषक सूचीकरण कार्यक्रमलाई सेवा प्रवाहसँग आवद्ध गराई पहिचान र वर्गीकरणपश्चात अनुदान सम्बन्धी मापदण्ड तयार गरी पूर्ण अनुदान, आंशिक अनुदान र सहुलित दिने तथा नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा कृषि कर्जा तथा योगदानमा आधारित **वर्गीकृत किसान पेन्सन कार्यक्रम** कार्यान्वयनमा जोड दिइनेछ।

३. पोषण तथा खाद्य सुरक्षा सुनिश्चतताका लागि हरेक वडामा **रैथाने बाली प्रवर्द्धन,** एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. भूमि बैंकको अवधारणालाई स्थानीय अनुकूलतामा कार्यान्वयन गर्न कृषि र वन विकास कार्यक्रममार्फत बाँझो र पाखो जग्गालाई अधिकतम उपयोग गर्ने गरी व्यावसायिक खेती तथा वृक्षारोपन कार्यक्रम प्रवर्द्धन गरिनेछ।

५. कृषक समूह तथा सहकारीमार्फत जैविक विषादी, प्राङ्गारिक मल उत्पादन तथा वितरण गर्नुका साथै प्लाष्टिकजन्य तथा रासायनिक पदार्थ आयात र प्रयोगमा रोक लगाई अर्ग्यानिक उत्पादनः भूमेको पहिचान भन्ने मूल नारा कार्यान्वयनमा जोड दिइनेछ।

६. उत्पादनका आधारमा प्रोत्साहन नीतिलाई जोड दिँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न **कोदो**, **फापर**, **सिमी**, **भटमास**, **माटे**, **चिनो**, **कागुनो**, **कालो धान**जस्ता स्थानीय महत्वका लोपोन्मुख रैथाने बालीहरु उत्पादन गरी आफूले उपभोगपछि बिक्री गरेमा सहकारी तथा कृषि उपज संकलन केन्द्रमार्फत खरिद गरी बजार मूल्यको ५० प्रतिशत थप प्रोत्साहन अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७. लोपोन्मुख रैथाने बाली तथा बीउ संरक्षणका लागि कालो धान, चिनो, कागुनो, उवा, जुनेलो लगायतका उत्पादन प्रवर्द्धनका लागि अनुदानमा बीउ वितरण तथा रैथाने बालीहरुको **बीउ बैंक स्थापना** तथा प्रवर्द्धन गरिनेछ।

८. माटो मल परीक्षण प्रयोगशाला स्थापना गरी माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई प्रवर्द्धन गरिनेछ।

९. कृषि उत्पादनलाई व्यवस्थित गर्न कृषि उपज संकलन केन्द्र, खाद्य भण्डार तथा चिस्यान केन्द्र निर्माणमा प्राथमिकता दिइनेछ। आफूले खाई बिक्री गर्ने अवस्थामा त्यस्ता कृषकहरुको कृषि उपज सम्बन्धित वडा वा सहकारी संस्थामार्फत् खरिद तथा बजारीकरण गरिदिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१०. स्थानीय उत्पादनको बजारीकरण तथा उपभोगको संस्कृति विकास गर्न **खाद्य आनीबानी परिवर्तन र पोषणयुक्त खाद्यवस्तु उपभोग सम्बन्धी सचेतनामूलक कार्यक्रम** सञ्चालन गरिनेछ। साथै हाल सञ्चालनमा रहेको सहकारी बजार सञ्चालन तथा व्यवस्थापनलाई सहकारीसँगको समन्वयमा थप प्रभावकारी बनाइनेछ।

११. वडास्तरसम्म कृषक सञ्जाल गठन गरी नवीन प्रविधि तथा अनुभव आदान प्रदानका लागि **कृषक चौतारी कार्यक्रम** सञ्चालन गरिनेछ। इच्छुक अनुभवी कृषकहरुलाई आवश्यकतानुसार हरित स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

१२. जलवायु परिवर्तन अनुकूलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित **नमूना कृषि गाउँ कार्यक्रम**मार्फत कृषि पर्यटन प्रवर्द्धन गरिनेछ।

१३. सफा र हरियाली: समृद्ध भूमे नारालाई सार्थक तुल्याउन **प्लाष्टिकजन्य झोला, माला र खादाको प्रयोगमा निरुत्साहन गर्ने** लुम्बिनी प्रदेशको नीतिलाई आत्मसाथ गर्दै **घरायसी झोला उत्पादन र पुष्प खेतीमा अनुदान** तथा बजारीकरणका लागि सहजीकरण गरिनेछ।

१४. कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याइनेछ। कृषक क्षमता अभिवृद्धिका लागि व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रममार्फत् उत्पादन, आयआर्जन, बाली विकास र व्यवसायीकरणमा जोड दिइनेछ।

१५. कृषि पेसालाई सम्मानजनक पेसाका रुपमा विकास गर्न तथा व्यावसायिक कृषि पेसामा आकर्षण गर्न वडास्तरमा र गाउँपालिकास्तरमा **उत्कृष्ट कृषक र उत्कृष्ट विरुवा** छनौट गरी कृषक दिवसको अवसरमा वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

१६. पहिचान गरिएका केरा पकेट, तरकारी पकेट, मसला बाली पकेट, किवी तथा अन्य फलफूल पकेट जस्ता कृषि पकेटलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य निकायसँगको साझेदारीमा स्याउ ओखर पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. वैदेशिक रोजगारबाट फर्केका र कृषि गर्न चाहने व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई माग र आवश्यकताका आधारमा **कृषि उद्यम कर्जा** उपलब्ध गराइनेछ।

१८. मारिङ कृषि अनुसन्धान केन्द्रमा थप पूर्वाधार निर्माणसहित फलफूल स्रोत केन्द्र, कृषि उद्योग र कृषि पर्यटन, नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा जडिबुटी उत्पादन सिकाई केन्द्रको रुपमा विकास गरिनेछ।

## स्वस्थ पशुपंक्षी: व्यावसायिक कृषि

१९. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा **घाँस स्रोत केन्द्र,** गाउँ गाउँमा **हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस नर्सरी** स्थापनाका साथै पोषणयुक्त पशु आहार निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ।

२०. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिँदै पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नुका साथै कृत्रिम प्रजनन केन्द्र स्थापना तथा ल्याब सञ्चालनमा ल्याइनेछ। पशु स्वास्थ्य नियमन, प्रजनन तथा प्रसार सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२१. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार र निकायहरुसँगको सहकार्यमा अण्डा, मासु र दूधमा आत्मनिर्भर हुन पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना भेडा फर्म, बाख्रा फर्म, लोकल कुखुरा फर्म, बंगुर फर्म, गाइ/भैंसी फर्म हरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## लघुउद्यमको विस्तार: घर घरमा स्वरोजगार

२२. नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा औद्योगिक ग्राम स्थापना गरिनेछ। गाउँपालिका क्षेत्रभित्रका जडीबुटीमा आधारित उद्योग स्थापनामा जोड दिइनेछ।

२३. बाह्य लगानी आकर्षण गर्न आवश्यक नीतिगत तथा प्रशासनिक प्रबन्ध गरी स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धनमार्फत रोजगारी सृजना र स्वावलम्बनमा जोड दिइनेछ। समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई सामूहिक उद्योगमा परिणत गरी व्यावसायिक र आधुनिकीकरणतर्फ जोड दिइनेछ।

२४. व्यावसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ। साझा सुविधा केन्द्र (उद्यम घर) लाई प्रभावकारी रुपमा उपयोग गरिनेछ।

२५. उद्यमशीलतालाई प्रवर्द्धन गर्न **सहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिँदै घरेलु उद्योगमा आधारित लघु उद्यम प्रवर्द्धन गर्न सबै निकाय तथा संघसंस्थासँग साझेदारी गर्ने नीति लिइनेछ।

२६. लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चाल गर्न चाहने उद्यमीहरुका लागि मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

## श्रमको सम्मान: रोजगार प्रवर्द्धन

२७. रोजगार रणनीति तर्जुमा गरी रोजगार संवाद मञ्चमार्फत श्रमको सम्मान: राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ। रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै बजारको मागका

आधारमा श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गर्नुका साथै श्रम स्वीकृति र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ।

२८. प्राविधिक शिक्षालयहरुसँगको सहकार्यमा व्यावसायिक सीपमा आधारित तालिममार्फत दक्ष जनशक्ति उत्पादन, उपयोग र स्वरोजगार प्रवर्द्धन गर्नुका साथै गाउँपालिकामा **रोजगार प्रवर्द्धन कोष** स्थापना गरी सहुलियतमा रोजगार कर्जा र सीप विकासमा जोड दिइनेछ ।

२९. प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा दिगो र प्रभावकारी हुने खालका आयोजना मात्र सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ।

३०. वैदेशिक रोजगारबाट प्राप्त सीपलाई उपयोग गरी स्वरोजगार तथा उद्यम प्रवर्द्धनतर्फ जोड दिइनेछ।

## दिगो पर्यटनका लागि अन्तरसम्बन्धित क्षेत्रको विकास र पहिचान

३१. दिगो पर्यटन विकासका लागि पर्यटन क्षेत्र गुरुयोजना बमोजिम पर्यटन क्षेत्र पहिचान, सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ ।

३२. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा साहसिक पर्यटनको पहिचान, संरक्ष, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

३३. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि तहगत सरकार तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गरिनेछ।

## एक सहकारीः एक मुख्य चिनारी

३४. एक सहकारीः एक मुख्य चिनारी अभियानमार्फत् गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुले उत्पादन, बचत संकलन तथा बजारीकरण जस्ता कुनै एक क्षेत्रमा उल्लेख्य कार्यक्रम सञ्चालन गर्नुपर्ने नीति अनिवार्यता गरिनेछ। अन्तरसहकारी सम्वाद तथा सहकार्य सम्बन्धी कार्यक्रममार्फत सहकारी आन्दोलन प्रभावकारी बनाइनेछ ।

३५. जिल्ला सहकारी संघ तथा अन्य निकायसँगको समन्वयमा सहकारीको नियमन तथा सहजीकरणलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

३६. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा गाउँ गाउँमा **डिजिटल वित्तीय साक्षरता कार्यक्रम** सञ्चालन गरिनेछ।

३७. विगतमा गरिबी निवारण कोषद्वारा प्रवर्द्धित घुम्ती कोषहरुलाई साना सहकारीमा परिणत गरी पूँजी परिचालन र सदुपयोगको व्यवस्था मिलाइनेछ।

कविता

# नोकोबाङ्गे मुलथाङ्गे

**- क्षितिज मगर**

प्रिय !
म उभिन्छु-
"नोकोबाङ्गे"का अग्रभागमा "मुलथाङ्गे" बनेर
तिमी उभिऊ-
"नोकोबाङ्गेनी"का अग्रभागमा "मुलथाङ्गेनी" बनेर
तिमी पछ्यौरी हल्लाएर नाच्नु प्रिय !
म खुकुरी चम्काउँदै छेउँमै नाच्छु प्रिय !!
जहाँ, खुशीले धरती जगमगाउनेछिन् आज।
प्रिय !
हामीले गाउनु छ सँगसँगै-
अमर जीजिबिषाका सुन्दर न्याहुभाका
अनमोल सपनाहरुका उदात जीवनभाका
र, नाच्नुछ सँगसँगै-
आदिम मगराती सभ्यताको सम्झनामा
पुर्खाहरुका प्राक्थात-थलोको सम्झनामा।

प्रिय !
पुगेर सँगसँगै जलजलाका पाखा पखेरी
टिप्नु छ- "रथ बिरथ"का पवित्र "वई"
फर्किंदा अर्को दिन
प्रेमका नयाँ डोको भरि भरि
बहुरंगी पुष्पगुच्छामा रुपान्तरित "बराहा वर"
ल्याउनु छ बोकेर यहाँसम्म
चाहनाका पोल्टा भरि भरि
"कैली बुज्यु"हरुका ऐतिहासिक आशिर्वाद लिएर
"मालाङ्गेनी बुज्यु"का आदिम सीप
बिजारोपण गर्नु छ- सारा मगराँतभरि
प्रकृतिका अनुपम बरदान पाए जसरी
पवित्र "मुरुला"मा अप्राप्य खुशीहरु पोको पारेर
ओरालो झर्नु छ- "मुरुला" हल्लाउँदै हल्लाउँदै
र, "अगाउरे मुलथाङ्गे"का मुख्य लयमा
स्वर मिलाउँदै एकसाथ भन्नुपर्छ-
"न्याहु,... न्याहु... न्याहु...।"

प्रिय !
बिहानी घाम झुल्के जसरी
अथवा, धरमपानीमा गुराँस फक्रिए जसरी
अथवा यसो भनुँ,
डोको भरिका रथ बिरथका हाँसो जसरी
तिम्रो र मेरो अनुहारमा इच्छाका फूल फुलाएर
हातमा हात जोडेर अखण्डित ज्यान जसरी
प्रेमिल चरमोत्कर्षमा दौडिनु पर्छ एक साथ
दमाहा र सनाईका धूनमा
जीवन र सुख दुःखका लय मिलाउँदै
"सिमे भुमे"का "बलपुजा"मा
शिर झुकाउनु पर्छ- प्रकृति मातालाई ढोगेर

प्रिय !
म उभिन्छु-
"नोकोबाङ्गे"का अग्रभागमा "मुलथाङ्गे" बनेर
तिमी उभिऊ-
"नोकोबाङ्गेनी"का अग्रभागमा "मुलथाङ्गेनी" बनेर
तिमी पछ्यौरी हल्लाएर नाच्नु प्रिय!
म खुकुरी चम्काउँदै छेउँमै नाच्छु प्रिय!
जहाँ खुशीले धरती जगमगाउनेछिन् आज।

*२०८० असार १, घोराही, दाङ*

लोक सेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. विश्व खाद्य स्वच्छता दिवस कहिले मनाइन्छ ?**

≅ जुन ७ (सन् २०२३ को नारा : खाद्य पदार्थमा मापदण्ड, जीवनरक्षाको आधार स्तम्भ)

**२. नेपाल सरकारको मुख्य सचिवमा नियुक्त हुने व्यक्तित्व को हुनुहुन्छ ?**

≅ डा. वैकुण्ठ अर्याल

– विसं २०८० जेठ ३२ को मन्त्रीपरिषद् बैठकले उहाँलाई सो पदमा नियुक्त गर्ने निर्णय गरेको।

**३. ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका पूर्ण खोप सुनिश्चित पालिका कहिले घोषित भएको हो?**

≅ विसं २०८० जेठ २७ (खोप कार्यक्रमअन्तर्गत आधारभूत सूचकले पूर्णता पाएसँगै गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषित गरिएको हो। त्यस्तै बाँकेका चार वटा (कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, डुडुवा गाउँपालिका र जानकी गाउँपालिका) पालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषित भएका छन्।)

**४. उपप्रधानमन्त्रीले कोसमक्ष शपथ लिनुपर्ने प्रावधान रहेको छ ?**

≅ राष्ट्रपति

**५. नेपाल एयरलाइन्सको जहाजद्वारा मलेसिया-भैरहवा-काठमाडौं व्यावसायिक उडान सुरु कहिले भएको हो ?**

≅ विसं २०८० जेठ ३० (सन् २०२३ जुन १३)

**६. आफ्नो नीति तथा कार्यक्रममा एक घर, एक बाँदर पाल्ने कार्यक्रम ल्याउने स्थानीय तह कुन हो ?**

≅ कालिञ्चोक गाउँपालिका (दोलखा)

**७. हिति प्रणाली कृतिका लेखक पद्मसुन्दर जोशी हुन् भने पानी घट्ट कृतिका लेखक को हुन् ?**

≅ सुरेश प्राञ्जली

**८. परराष्ट्र मन्त्रालयद्वारा पहिलो पटक परराष्ट्र सेवा दिवस कहिले मनाइएको हो ?**

≅ विसं २०७८ जेठ १०

**९. संयुक्त राष्ट्रसङ्घद्वारा कुन दिनलाई सार्वजनिक सेवा दिवसका रूपमा मनाइन्छ ?**

≅ जुन २३

**१०. ब्रह्मान्डको पहिलो रङ्गीन तस्बिर कहिले सार्वजनिक गरिएको हो ?**

≅ विसं २०२२ जुलाई ११ (नासाका वैज्ञानिकहरूले जेम्सवेब स्पेस टेलिस्कोपबाट सो तस्बिर खिचेका थिए। नक्सामा ब्रह्माण्डमा रहेका ग्रहहरूबाट निस्किएका प्रकाश पनि तस्बिरमा देख्न सकिन्छ।)

**११. वि.सं २०८० मा प्रदान गरिने हृदयचन्द्र सिंह स्मृति पुरस्कार कसलाई प्रदान गरियो ?**

≅ प्रगतिवादी साहित्यकार मोहनविक्रम सिंह

**१२. वि.सं २०८० मा प्रदान गरिने युगकवि सिद्धिचरण पुरस्कारबाट सम्मानित हुने व्यक्तित्व को हुन्?**

≅ डा. जयराज आचार्य (पुरस्कार राशि : रु. १ लाख) भाषा, साहित्य र कूटनीतिको क्षेत्रमा योगदान पु-याएबापत सो पुरस्कार प्रदान गरिएको हो।)

*संकलनः टंक के.सी. -गोरखापत्रबाट साभार*

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।





**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनुपर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।




**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७




जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०